# बुटवल पावर कम्पनी लि.
## निर्वाचन अधिकृतको कार्यालय
## निर्वाचन कार्यक्रमको सूचना

बुटवल पावर कम्पनी लिमिटेडको संचालक समितिमा शेयरवालाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालक पदको निर्वाचनको प्रयोजनको लागि तपसिल बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्रसं | कार्यक्रम | मिति र समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन गर्ने | २०८२।९।२३ गते १३.०० बजे | निर्वाचन अधिकृतको कार्यालय | |
| २. | मतदाता नामावलीमा दावी विरोध गर्ने | २०८२।९।२३ गते १३:३० बजे देखि १६:०० बजे सम्म | | |
| ३. | मतदाता नामावलीमा छानविन गरी अन्तिम मतदाता नामावली प्रकाशित गर्ने | २०८२।९।२३ गते १७:०० बजे | | |
| ४. | उमेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२।९।२५ गते ११:०० बजे देखि १३:३० बजे सम्म | ऐ. | |
| ५. | मनोनयन पत्र दर्ता भएका उमेदवारको सूची प्रकाशित गर्ने | २०८२।९।२५ गते १३:४५ बजे | ऐ. | |
| ६. | उम्मेदवारको बिरोधमा उजूरी दिन सक्ने | २०८२।९।२५ गते १३:४५ बजे देखि १५:०० बजे सम्म | ऐ. | |
| ७. | उम्मेदवारको मनोनयनपत्रको जांच र उजूरी उपर निर्णय गरी नामावली प्रकाशित गर्ने | २०८२।९।२५ गते १७:०० बजे | ऐ. | |
| ८. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने | २०८२।९।२७ गते १३:०० बजे सम्म | ऐ. | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०८२।९।२७ गते १३:३० बजे | ऐ. | |
| १०. | मतदान गर्ने | २०८२।९।२८ गते साधारण सभामा प्रस्ताव पेश भए पश्चात | सभा स्थल | |
| ११. | मतगणना गर्ने | मतदान समाप्त भए पश्चात | ऐ. | |
| १२. | निर्वाचन परिणाम घोषणा गर्ने | मतगणना समाप्त भए पश्चात | ऐ. | |

थप जानकारीका लागि संलग्न नोट हेर्नुहोला ।

मिति: २०८२।९।१८
समय: ११ बजे

.....................
निर्वाचन अधिकृत
अधिवक्ता टीकाध्वज खड्का

नोट: शेयरधनी तथा उम्मेदवारको लागि थप जानकारी:

१. उम्मेदवारको योग्यता: सञ्चालक पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:

(क) सञ्चालक पदमा उम्मेदवार हुन निजले आफ्नो नाममा कम्तिमा ५० (पचास) कित्ता शेयर लिएको । तर, संस्थागत शेयरधनीको हकमा सो संस्थाको प्रतिनिधित्व गर्ने उम्मेद्वारले कम्पनीको शेयर लिएको हुन पर्नेछैन ।

(ख) कम्पनी ऐन, कम्पनीको प्रबन्धपत्र तथा नियमावली तथा प्रचलित कानूनले सञ्चालक हुन अयोग्य नभएको ।

२. उम्मेदवारले मनोनयपत्रसंग पेश गर्नु पर्ने कागजातहरु:

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) कम्तीमा ५० कित्ता शेयर लिएको देखिने कागजात ।

(ग) आफ्ना प्रस्तावक तथा समर्थकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा कम्पनीको शेयरधनी देखिने कागजातसमेत संलग्न गर्नु पर्नेछ ।

(घ) कुनै संगठित संस्थाको तर्फवाट उम्मेदवार बन्ने भएमा सो उम्मेदवार हुने व्यक्तिले त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र र संस्थाको तर्फबाट उम्मेदवार हुने सम्बन्धमा भएको संचालक समितिको निर्णय तथा उम्मेदवार हुन दिएको आधिकारिक पत्र समेत पेश गर्नु पर्नेछ ।

(ङ) मनोनयन पत्रसाथ फिर्ता नहुनेगरी मनोनयन दस्तुर रु. १०,००० कम्पनीमा बुझाएको रसिद दाखिला गर्नुपर्नेछ ।

३. दर्ताहुन आएको प्रोक्सी छानवीन गरी सदर तथा वदर भएका प्रोक्सीका विषयमा सभा शुरु हुनुअघि सम्बन्धित प्रोक्सी होल्डरलाई जानकारी गराइने छ ।

४. साधारण सभाको हाजिरी पुस्तिका सभामा संचालक निर्वाचन सम्बन्धी प्रस्ताव पेश भई निर्वाचन अधिकृतले सभा समक्ष निर्वाचनको समय तालिका जानकारी गराएको समयसम्म खुल्ला रहनेछ । सो अवधी भित्र सभामा उपस्थित भई हाजिर गर्ने शेयरधनी वा निजको प्रतिनिधीले संचालकको मतदानमा भाग लिन पाउनेछ । हाजिरी पुस्तिकामा हाजिरी नजनाएका कुनै शेयरधनीले मतदानको बखत उपस्थित भएमा निजले मतदान गर्न पाउनेछैन ।

५. कुनै कारणबश निर्वाचन अधिकृतलाई माथी तालिकामा उल्लेखित समय अपुग भएमा निर्वाचनको कार्यमा फरक नपर्ने गरी निर्वाचन अधिकृतले सो समय हेरफेर गर्न सक्नेछ ।